दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

**राम्रो घडेरी बिक्रीमा**

तिलोत्तमा-१ शंकरनगर प्यारामाउण्ट स्कुलको पूर्वपट्टी उत्तरतर्फ २० फिट र पूर्वतर्फ २२ फिटको बाटोमा मोहडा पर्ने एक कठ्ठा जग्गा खरिद गर्न चाहनेले तुरुन्तै सम्पर्क गर्नुहोला।

**सम्पर्क नम्बर: ९८०१८२७९५०**

वर्ष ३८ | अंक १४५ | बुटवल | २०८३ जेठ ११ गते, सोमबार | नेपाल संवत ११४६ | Monday May 25, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## कर्मचारीको तलब २७ देखि ५७ प्रतिशतसम्म बढाउन सरकारलाई सिफारिस



बुटवल । मुख्यसचिव सुमनराज अर्यालको अध्यक्षतामा रहेको एक समितिले ५७ प्रतिशतसम्म तलब बढाउन सरकारलाई सिफारिस गरेको छ। अर्याल अध्यक्ष रहेको कर्मचारीको तलब भत्ता पुनरावलोकन समितिले उक्त सिफारिस गरेको हो ।

समितिले आगामी आर्थिक वर्षका लागि कर्मचारीहरुको तलब ५७ प्रतिशतसम्म बढाउन भनेको छ। सुझावमा महँगीसमेतलाई मध्येनजर गरी सरकारी कर्मचारीहरुको न्यूनतम र अधिकतम तलबको सीमा तोक्न भनिएको छ। सरकारले आगामी आर्थिक वर्षका लागि जेठ १५ गते बजेट ल्याउँदै छ।

बजेटको पूर्वसन्ध्यामा कर्मचारीको तलब भत्ता पुनरावलोकन समितिले सरकारलाई सुझाएको हो। अर्याल समितिले मुख्यसचिव तहको तलब ५६.७१ प्रतिशतले वृद्धि गर्न सुझाएको छ। कार्यालय सहयोगी कर्मचारीको तलब २७ प्रतिशतले वृद्धि गर्न सिफारिस गरेको छ।

समितिले कर्मचारीको सबैभन्दा माथिल्लो तह (मुख्यसचिव) का कर्मचारीको तलब ५६.७१ प्रतिशतले वृद्धि गर्न सिफारिस गरेको छ। माग बमोजिम तलब वृद्धि गर्दा ७७ हजार दुई सय ११ रुपैयाँ रहेको मुख्यसचिवको तलब १ लाख २१ हजार रुपैयाँ हुनेछ।

यस्तै, हाल २७ हजार ६ सय १२ रुपैयाँ रहेको कार्यालय सहयोगीको तलब बढेर ३५ हजार र ७७ हजार २ सय ११ रुपैयाँ हुनेछ। कानुन सचिव पारास्वर ढुंगानाले निजामति कर्मचारीको तलब भत्ता पुनरावलोकनका लागि निजामति ऐनमै समितिको व्यवस्था रहेको बताउँदै तीनवर्षमा सुझाव दिने अभ्यास अनुरुप सिफारिस भएको जानकारी दिए।

"तीनतीन वर्षमा ऐनको व्यवस्था अनुरुप सुझाव दिने व्यवस्था छ। अहिले त तलब नबढेको पनि चार बर्ष भइसकेको छ।"- सचिव ढुंगानाले भने। तत्कालीन अर्थमन्त्री जनार्दन शर्माको समयमा आर्थिक बर्ष २०७९/८० को बजेटमा कर्मचारीको तलब १५ प्रतिशतले बढेको थियो। चार बर्ष यता कर्मचारीको तलब बढेको छैन।

## कार्यान्वयन र नतिजामुखी बजेट ल्याउँछौं : कार्की



बुटवल। लुम्बिनी प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री धनेन्द्र कार्कीले आउँदो आर्थिक वर्षको बजेट कार्यान्वयन, नतिजामुखी र व्यावहारिक बनाइने बताएका छन्।

लुम्बिनी प्रदेशसभाको आठौं अधिवेशनअन्तर्गत आइतबार (जेठ १०) बसेको पाँचौं बैठकमा प्रदेशसभा सदस्यहरूका प्रश्नको जवाफ दिँदै उनले आवधिक योजनाले निर्दिष्ट गरेका संकल्प र सांसदका सुझावका आधारमा बजेट निर्माण गरिने उल्लेख गरे। उनले पर्यटन, उद्योग र रोजगारीलाई प्राथमिकतामा राखेर कार्यक्रम ल्याइने बताए। पुँजी तथा प्रविधिको विस्तारमा विशेष जोड दिइने उनको भनाइ थियो।

कृषि क्षेत्रको आधुनिकीकरण, प्रांगारिक उत्पादन प्रवर्द्धन तथा विविधीकरणमार्फत रोजगारी र आयआर्जन सिर्जना गर्ने नीति सरकारले लिएको उनले सुनाए।

बैठकमा प्रदेशसभा सदस्यले समसामयिक विषयमा विशेष समयमा धारणा राखेका थिए। छलफल सम्पन्न भएपछि सभामुख तुलाराम घर्तीमगरले 'लुम्बिनी प्रदेश सरकारको विनियोजन विधेयक, २०८३ का सिद्धान्त र प्राथमिकता' माथिको छलफल समाप्त भएको घोषणा गरे। प्रदेशसभाको अर्को बैठक सोमबार (जेठ ११) दिउँसो १ बजे बस्ने तय छ।

## ऐरीको कप्तानीमा नेपालले एसियन गेम्स क्वालिफायर खेल्ने



बुटवल। नेपाल क्रिकेट संघ (क्यान)ले एसियन गेम क्वालिफायरका लागि दीपेन्द्र सिंह ऐरीको कप्तानीमा १४ सदस्यीय टोली घोषणा गरेको छ।

टोलीमा उनीसँगै कुशल भुर्तेल, रोहित पौडेल, आसिफ शेख, सन्दीप जोरा, कुशल मल्ल, लोकेश बम, सोमपाल कामी, सन्दीप लामिछाने, शेर मल्ल, नन्दन यादव, आरिफ शेख, करण केसी र साहव आलम रहेका छन्।

एसियन गेम्स क्वालिफायर एक हप्तापछि अर्थात् मे ३१ देखि जुन ९ सम्म सिंगापुरमा टी२० फरम्याटमा हुँदैछ।

नेपालले मे ३१ बिहान ७:१५ बजे चीनसँग, जुन २ मा कतारसँग, जुन ४ मा मलेसियासँग खेल्नेछ। क्वालिफायरमा नेपालसँगै चीन, मलेसिया र कतार छन्। अर्को समूहमा सिंगापुर, ओमान, हङकङ र बहरेन छन्।

# अस्ताए स्वामी विवेकानन्द सरस्वती



बुटवल । दुर्गा पञ्चायन मन्दिर नयाँमिलका पिठाधीश श्री १००८ स्वामी विवेकानन्द सरस्वतीको पार्थिव शरीरलाई आइतबार समाधिस्थ गरिएको छ। स्वामीले शनिबार अपरान्ह पाँच बजे देहत्याग गरेका थिए।

२०१२ भदौ १४ गते बाग्लुङको तोरीखोलामा जन्मिएका उनी शुरुमा खेमराज गैरे नामबाट चिनिए। बाग्लुङबाट पढ्न गुल्मीको दिब्रुङ पुगे। दिब्रुङमा स्वामी परमानन्द सरस्वतीबाट ब्रह्मचर्य दीक्षा लिएर खिमानन्द ब्रह्मचारी नामले ख्याति पाए। त्यसपछि स्वामी सत्यप्रकाशानन्द सरस्वतीबाट सन्न्यासदीक्षा लिएर रुद्रवेणीको पवित्र तीर्थबाट स्वामी विवेकानन्द सरस्वतीका नामले चिनिए ।

बाल्यकालमै बाआमाले बिहे गरिदिए, तर त्यो विवाह उहाँका लागि बेलविवाहजस्तै थियो। सानैदेखि साधुको सान्निध्यले वैराग्यले तप्त महापुरुषलाई संसारको बन्धनमा बाँध्न सकिँदैन। घर छाडेर हिंडे।

सर्वप्रथम स्वर्गद्वारी साधुपरम्पराका झ्याम्पाली महाराजको सान्निध्य प्राप्त भयो । डहरेमा रहेको गुफामा तपस्या गरिरहेका सन्तको कृपाले वैराग्यको बिउ रोपियो। योगसिद्ध महापुरुष छविलाल गुरुको दर्शनले बागलुङको झुलेनीमा त्यो अङ्कुरित भयो। दुवै सन्तको समाधिपछि स्वामी परमानन्द सरस्वतीको आश्रयमा त्यो फक्रियो।

परमानन्द सरस्वती महाराजको गुरुकुलका सुयोग्य सन्त शिष्य आफ्नो आधारभूत तहको अध्ययनपछि वृन्दावन पढ्न गए। त्यहाँ विश्वकै अद्भुत मेधासम्पन्न महामनीषी स्वामी अखण्डानन्द सरस्वतीसँग बसेर वेदान्त र भागवतको श्रवण गरे।

वृन्दावनमा अनेक तपोनिष्ठ महापुरुषहरूसँग सङ्गत भयो। हरिद्वारमा स्वामी सत्यप्रकाशानन्द स्वामीसँग रहेर वर्षौं साधना गरे । त्यहाँ रहँदा नेपालमा आफ्नो गुरु भएका कुरा पनि उठे। उनी स्वयं पुल बनेर आफ्ना गुरुका लागि सन्न्यास गुरु खोजिदिए। यसरी स्वामी सत्यप्रकाशानन्द सरस्वतीले पहिलो शिष्यका रूपमा स्वामी परमानन्द सरस्वतीलाई वरण गर्नमा उनी निमित्त बने। स्वर्गद्वारी झ्याम्पाली महाराजदेखि ऋषिकेशका मस्तराम बाबासम्मको सान्निध्य पाएका आफैंमा सिद्ध महापुरुष हुन्।

गुल्मीको सालिमे दहमा वर्षौं एकान्तमा तपस्या गरेर बसेका स्वामी विवेकानन्द भीडदेखि सधैं पर रहन चाहे। शिवधुरीको डाँडामा बसेर आत्मपुराणको साधना गरेको मान्छे जब गुरुको आज्ञाले जनसमूहको सम्पर्कमा आए , त्यसपछि लाखौं भक्त उनका प्रशंसक बने। उनको प्रवचनकला यस्तो अद्भूत थियो कि सामान्य मान्छे पनि वेदान्तको रहस्यसित परिचित हुन्थ्यो।

दिनभर आश्रमको सेवा गरेर खाली समयमा डाँडामा गएर कविता लेख्न रुचाउँथे । कोटिहोमहरूमा योगी नरहरिनाथले जब उनको कविता सुने, त्यसबेला उनले मुक्तकण्ठ प्रशंसा गर्थे। स्वामी विवेकानन्दसँग ज्योतिष शास्त्रको पनि अद्भूत ज्ञान थियो जसको प्रयोग व्यक्तिगत सुविधाका लागि कहिल्यै प्रयोग भएन्।

परमानन्द सरस्वतीको देहावसानपछि उनका दुई सुयोग्य उत्तराधिकारीहरू स्वामी ज्ञानानन्द सरस्वती र स्वामी विवेकानन्द सरस्वती सँगसँगै देशभरि धर्मप्रचार र शिक्षाको चेतना फैलाउँदै हिँडे। विभिन्न पुराण र ग्रन्थहरूको प्रवचन गरेर उनीहरूले दर्जनौं शिक्षालयहरूको स्थापना र सञ्चालनमा बल पुऱ्याए। औपचारिक रूपमा उच्चशिक्षाको प्रमाणपत्र पनि लिने इच्छा नगर्ने उनले देशभरि थुप्रै गुरुकुलको स्थापना-संरक्षण-प्रवर्धन गरे । आधुनिक विद्यालय र क्याम्पसहरूबाट निस्केका सयौं हजारौं छात्रहरू उनको गुन झै सम्झन्छन् । विशेष गरेर गुल्मी-बाग्लुङ-पाल्पा- अर्घाखाँची- स्याङ्जा-चितवन-तनहुँ- नवलपरासी-रुपन्देही- कपिलवस्तु आदि जिल्लामा उनका हजारौं अनुयायीहरू छन्। उनको देहत्यागपछि श्रद्धाञ्जली र अन्तिम दर्शनका लागि आइतबार हजारौं नयाँमिल दुर्गा मन्दिरमा भेला भए।

परमानन्दस्मृति प्रतिष्ठानको स्थापना र सञ्चालनमा उनले महत्वपूर्ण योगदान गरे।

परमानन्दसंस्कृत गुरुकुल - रूपाकोट गुल्मी उनकै नेतृत्वमा सञ्चालनमा थियो। परमानन्दसंस्कृत गुरुकुल , देवघाट उनकै छत्रछायाँमा हुर्केको हो। दुर्गावैदिक परमानन्द संस्कृत गुरुकुल, रुपन्देही उनैले जन्माएर हुर्काएर छाडेका छन् । राम्दीधाम संस्कृत गुरुकुल , पाल्पाको स्थापनामा पनि उनको विशेष भूमिका रहेको छ। २०६० सालतिर गुल्मीबाट बुटवलको नयाँमिल आएका स्वामी विवेकानन्द नियमित वेदान्त स्वाध्यायप्रवचनमा तल्लीन थिए । वैदिक धर्म परिषद् नेपालले उनकै छहारीमा ओत पायो।

ब्रह्मलीन महापुरुष महामनीषी स्वामी विवेकानन्द सरस्वती महाराजज्यूमा हार्दिक श्रद्धासुमन !

## संसद अवरोध निरन्तर : विपक्षी दल



बुटवल। विपक्षी दलहरूले सदनको विरोधलाई निरन्तरता दिने भएका छन्। आइतबार एमाले संसदीय दलको कार्यालय सिंहदरबारमा बसेको विपक्षी दलहरूको बैठकले यस्तो निर्णय गरेको हो।

बैठकमा कांग्रेसका प्रमुख सचेतक बास्ना थापा, एमालेका ऐन महर, नेकपाका युवराज दुलाल र राप्रपाका प्रमुख सचेतक खुश्बु ओली थिए।

बैठकमा विपक्षीहरूको आवाजलाई दबाएर अगाडि बढेको र सभामुखको दलीय भूमिकाका बारेमा गम्भीर छलफल भएको महरले जानकारी दिए । उनले भने–'संविधानको कार्यान्वयन, प्रतिनिधिसभा नियमावलीको पालना र लोकतन्त्रको रक्षाका लागि संसदमा विपक्षीहरूबिचको छलफल र सहकार्यलाई आगामी दिनहरूमा पनि निरन्तरता दिने बारेमा हामी साझा निष्कर्षमा पुगेका छौं।' प्रधानमन्त्री बालेन्द्र शाहले संसद्को उपेक्षा गरेको भन्दै विपक्षीहरू सदनमा विरोध प्रदर्शन गर्दै आएका छन्।

त्यसैगरी, प्रमुख प्रतिपक्ष दलका नेपाली कांग्रेससहितका विपक्ष दलका सांसदहरुले प्रतिनिधिसभाका सभामुख डोलप्रसाद अर्यालको भूमिका निष्पक्ष नरहेको टिप्पणी गरेका छन्। आइतबार काठमाडौंमा आयोजित एक अन्तरक्रियात्मक कार्यक्रममा बोल्दै प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसकी सांसद गीतकुमार सेन्दाङ, नेकपा (एमाले) की सांसद साजिका सिद्धिका खातुन, नेपाली कम्युनिष्ट पार्टी (नेकपा) की सांसद पार्वती विकले उक्त टिप्पणी गरेका हुन्।

नेपाली कांग्रेसकी सांसद सेन्दाङले प्रधानमन्त्रीलाई संसदमा उपस्थिति गराउनका लागि रुलिङ समेत गर्न नसकेको भन्दै सभामुख अर्यालप्रति असन्तुष्टि व्यक्त गरिन्। सांसद सेन्दाङले भनिन्-'सभामुखको भूमिका निरिह लागेको छ। यो विषयमा हामीले पहिलो पनि भनिराखेका छौं-सभामुख एउटा सभामुख नै भएर संसदमा प्रधानमन्त्रीलाई उपस्थित गराउन रुलिङ गर्दा हुन्थ्यो।

» बाँकी ३ पेजमा



दैनिक लुम्बिनी

## सम्पादकीय

# मूल्य समायोजनमा विश्वास दिलाऊ

पश्चिम एसियामा जारी तनावले नेपालमा पूर्वाधार विकासको काम ठप्प भएको छ । नेपालमा निर्माण सामग्रीको अचाक्ली मूल्यवृद्धि भएपछि आफूहरूले काम रोक्नुपरेको निर्माण व्यवसायीले बताएका छन् । बढेको निर्माण सामग्रीको मूल्य समायोजन नहुँदासम्म काम गर्न नसक्ने उनीहरुको अडानले देशभर पूर्वाधार निर्माणको काम ठप्प भएको हो ।

निर्माणमा प्रयोग हुने बिटुमिन, सिमेन्ट, डन्डी, ढुंगा, गिट्टी, बालुवालगायत सामग्रीको मूल्यवृद्धि अस्वभाविक ढंगले भएको छ । ठेक्का सम्झौता भइसकेको काम गर्दा घरजग्गा लिलामी हुने नगर्दा राज्यले कालोसूचीमा राख्ने अप्ठारो परिस्थितिमा निर्माण व्यवसायी छन् । व्यवसायीको माग छ,–सरकारले तत्काल मूल्य समायोजनाको निर्णय गर्नुपर्छ । मूल्य समायोजन नभए काम बन्द गरेर बस्नुको विकल्प छैन । भौतिक पूर्वाधार मन्त्री भन्छन्– निर्माण व्यवासायी मारमा छन्, उनीहरुलाई समायोजन अनुसारको रकम दिनुपर्छ । झट्ट सुन्दा मन्त्रीको यो भनाइले निर्माण व्यवसायीप्रति सरकार सकारात्मक छ भन्ने सुनिन्छ, तर सरकारका मन्त्रीले सहानुभूति जनाएर मात्रै भएन्, व्यवसायीले खोजेको व्यवहारिक समाधान हो, उनीहरुलाई चाहिएको छ, ठेक्का रकममा मूल्यवृद्धिअनुसार समायोजन । व्यवसायीहरु राज्यबाट पटक पटक ठगिएकोले मन्त्रीको मौखिक भनाइलाई आधार मानेर काम अघि बढाउन नसक्ने व्यवसायीको भनाइ छ । विगतमा सहमति भएको विषयमा पनि राज्यले क्षतिपूर्ति नदिने, काम गरेको ठेक्काको अर्बौं भुक्तानी नहुँदा कैयौं व्यवसायी व्यवसायबाट पलायन हुन बाध्य भए । राज्यले व्यवसायीले सम्झौताअनुसार काम नगरे कालो सूचीमा राख्ने कानुनी प्रबन्ध गरेको छ, तर व्यवसायीले काम गरेको भुक्तानी नपाउँदा क्षतिपूर्ति दिनुपर्ने बाध्यता छैन । यसको अर्थ हो, व्यवसायीले काम गर्नैपर्छ, तर राज्यले क्षतिपूर्ति नदिए पनि हुन्छ भन्ने हो, त्यसो हो भने अब केही वर्षमै नेपालमा धेरै निर्माण व्यवसायी पलायन हुने जोखिम छ । अनुभवी निर्माण व्यवसायी पलायन भए भने नेपालको निर्माण उद्योगमा भयानक समस्या आउनेछ, त्यसको मूल्य अन्ततः राज्यले चुकाउनुपर्नेछ । निर्माणको कामका लागि विदेशी कम्पनीको भरपर्नुपर्ने बाध्यताले झनै जोखिम निम्त्याउने छ ।

अहिले मूलतः राज्य र निर्माण व्यवसायीबिच विश्वास टुटेको छ । राज्यले कानुनको सहारामा व्यवसायीमाथि डण्डा चलाउने, तर व्यवसायीको मर्कामा संवेदनशील नबन्ने र उनीहरुले पाउनुपर्ने भुक्तानीमा सहज नबन्ने परिपाटीको अन्त्य गर्दै विश्वास बढाउनुपर्नेछ । राज्य र निजी क्षेत्रबिच टुटेको विश्वास जोड्ने अवसर हो, अहिले । भौतिक पूर्वाधार मन्त्री सुनिल लम्सालले भनेझैं व्यवसायीलाई मूल्य समायोजनको विश्वासिलो आधार दिएर रोकिएको पूर्वाधार निर्माणको काम खुलाउनुपर्छ ।

## FATF को निगरानीमा नेपाल:

# वित्तीय पारदर्शिता र आर्थिक अनुशासनको परीक्षा



ईन्द्रप्रसाद भुसाल



विश्व अर्थतन्त्र आज केवल उत्पादन, व्यापार र लगानीले मात्र चलिरहेको छैन । वित्तीय पारदर्शिता, बैंकिङ विश्वसनीयता र अवैध धन नियन्त्रण क्षमताले पनि कुनै राष्ट्रको अन्तर्राष्ट्रिय हैसियत निर्धारण गर्ने गर्छ । यही कारणले Financial Action Task Force (FATF) नामक अन्तर्राष्ट्रिय संस्थाको निर्णयले विश्वका देशहरूको आर्थिक भविष्यमा गहिरो प्रभाव पार्ने गर्दछ । कुनै देश (FATF) को ग्रे लिस्ट वा ब्यालेक लिस्टमा पर्दा त्यसलाई सामान्य प्रशासनिक टिप्पणीको रूपमा मात्र हेरिँदैन । यसले विदेशी लगानी, बैंकिङ कारोबार, रेमिट्यान्स, अन्तर्राष्ट्रिय सहायता तथा समग्र अर्थतन्त्रमा आर्थिक भूकम्प जस्तै असर पार्न सक्छ । नेपाल अहिले पुनः(FATF) को ग्रे लिस्टमा परेकाले विषय झन् संवेदनशील बनेको छ । सन १९८९ मा G7 राष्ट्रहरूको पहलमा स्थपित यस निकायले अवैध धन शुद्धीकरण, आतङ्कवाद वित्तपोषण र अवैध हतियार ओसारपसारविरुद्ध विश्वव्यापी ४० वटा मापदण्ड तय गर्छ, जुन विश्वभरका अवैध धन नियन्त्रण ढाचाको आधारशिला बनेको छ । (FATF) ले वर्षमा तीन पटक (फेब्रुअरी, जुन र अक्टोबर ) पूर्ण बैठक गरी विभिन्न देशको वित्तीय प्रणालीको मूल्याङ्कन गरि ग्रे लिस्ट र ब्यालेक लिस्ट तयार पार्छ ।

यसको मुख्य उद्देश्य विश्व बैंकिङ प्रणालीलाई सुरक्षित, पारदर्शी र विश्वसनीय बनाउनु हो । (FATF) ले विभिन्न देशको कानुन, बैंकिङ निगरानी, अनुसन्धान प्रणाली तथा आर्थिक पारदर्शिताको मूल्याङ्कन गरी आवश्यक सुधार गर्न दबाब दिने गर्छ । (FATF) कमजोर वित्तीय निगरानी भएका देशलाई ग्रे लिस्ट र कालो सुचिमा छुट्टाउने गर्दछ र यसको अर्थ ती देशमाथि अन्तर्राष्ट्रिय निगरानी गर्दछ कालो सूची भने अझ गम्भीर अवस्था हो । (FATF) High–Risk Jurisdictions subjecttoa Call for Action भनेर चिनिने विश्व वित्तीय प्रणालीलाई प्रत्यक्ष जोखिममा पार्ने खालका कमजोरी देखाउने देशहरुलाइ यो सुचिमा राख्दछ् । अहिले उत्तर कोरिया, इरान,र म्यानमार (FATF) को कालो सूचीमा रहेका प्रमुख देश हुन् । नेपाल यसअघि सन् २००९ देखि २०१४ सम्म (FATF) को ग्रे लिस्ट मा परिसकेको थियो । त्यस समयमा बैंकिङ निगरानी कमजोर हुनु, हुन्डी कारोबार, अवैध सम्पत्ति शुद्धीकरण र कमजोर अनुसन्धान प्रणाली मुख्य कारण थिए ।

त्यसपछि नेपालले कानुनी सुधार तथा वित्तीय निगरानी प्रणाली बलियो बनाएपछि सूचीबाट बाहिरिएको थियो । तर पछिल्ला वर्षहरूमा सहकारी ठगी, अनौपचारिक वित्तीय कारोबार, सम्पत्ति शुद्धीकरण नियन्त्रण कमजोर, आतंकवादी वित्तीयकरण रोकथाममा कमजोरी, सहकारी तथा रेमिट्यान्स क्षेत्रमा प्रभावकारी निगरानी अभाव, शंकास्पद कारोबारको अनुसन्धान र अभियोजन कमजोर हुनु, भ्रष्टाचार र अवैध सम्पत्तिमाथि प्रभावकारी कारबाही नहुनु, बैंकिङ क्षेत्रमा KYC तथा वित्तीय पारदर्शिता कमजोर हुनु, राजनीतिक संरक्षणयुक्त आर्थिक अपराध तथा कमजोर कार्यान्वयनका कारण नेपाल २१ फेब्रुअरी २०२५ मा पुनः ग्रे लिस्ट मा परेको पनि लगभग एक वर्ष बितिसकेको छ । एक वर्षको अवधिमा नै यसको असर स्पष्ट देखिन थालको छ । चालु आर्थिक वर्षमा नेपाल सरकारले वैदशिक सहायतामा रु. ५३.४४ अर्बको लक्ष्य राखेको थियो, तर मार्च २०२६ सम्मम केवल रु. १३.२४ अर्ब मात्र प्राप्त हुन सकेको छ । युरोपेली सङ्घले जुन १०, २०२५ मा जारी गरेको नियमावलीमार्फत् नेपाललाई उच्च जोखिमयुक्त रास्ट्रको सुचीमा राखेको छ, जसले गर्दा युरोपेली देशहरूले नेपाललाई व्यवहार गर्ने तरिकामा प्रत्यक्ष असर पारेको छ । थाइल्यान, हङकङ र संयुक्त अरब इमिरेट्स जस्ता देशहरूले पनि नपाली नागरिकलाई भिसा मा थप कडाइ गरेका छन् ।

कुनै देश ग्रे लिस्टमा पर्नु भनेको तत्काल सबै आर्थिक कुरा ध्वस्त हुनु होइन, तर यसले अर्थतन्त्रमा गहिरो आर्थिक कम्पन सुरु गर्छ । विदेशी बैंकहरूले त्यस्तो देशसँग कारोबार गर्दा अतिरिक्त सतर्कता बढाउँदै अन्तर्राष्ट्रिय भुक्तानी ढिलो गर्दछन । अन्तर्राष्ट्रिय बैंक शुल्क बढाउनुका साथै लगानीकर्ताले जोखिम देख्न थाल्छन् । नेपालजस्तो रेमिट्यान्समा आधारित अर्थतन्त्रका लागि यो विशेष खतरनाक हुन्छ । विदेशमा रहेका नेपालीले पठाउने रकममा अतिरिक्त निगरानी हुँदा ट्रान्सफर खर्च बढ्न सक्छ । औपचारिक प्रणाली जटिल बन्यो भने मानिसहरू हुन्डीतर्फ आकर्षित हुन सक्छन् । यसले राज्यको राजस्व र विदेशी मुद्रा सञ्चितिमा प्रत्यक्ष असर पार्छ । त्यस्तै विदेशी लगानीकर्ताले पनि ग्रे लिस्ट मा परेको देशलाई उच्च जोखिमयुक्त मान्छन् । उद्योग, पर्यटन, बैंकिङ तथा पूर्वाधार क्षेत्रमा आउने विदेशी लगानी घट्न सक्छ । अन्तर्राष्ट्रिय बैंकहरूले नेपाली बैंकसँग Correspondent Banking सम्बन्ध कम गर्न थाले भने व्यापारिक भुक्तानी, आयात तथा निर्यात प्रक्रिया महँगो र ढिलो हुन्छ ।

कुनै देश कालो सूचीमा पर्‍यो भने त्यसको असर आर्थिक भूकम्पभन्दा कम हुँदैन । विश्व बैंकिङ प्रणालीले त्यस्तो देशलाई लगभग अलग गर्न थाल्छ । विदेशी बैंकहरूले कारोबार बन्द गर्न सक्छन्, अन्तर्राष्ट्रिय ऋण तथा सहायता कठिन बन्छ, विदेशी मुद्रा सञ्चिति घट्न थाल्छ र आयातमा ठूलो संकट आउँछ । नेपालजस्तो आयातमुखी अर्थतन्त्रका लागि यस्तो अवस्था अत्यन्त जटिल हुन सक्छ । पेट्रोलियम, औषधि, मेसिनरी, शिक्षा तथा स्वास्थ्य क्षेत्रमा आवश्यक विदेशी भुक्तानी अवरुद्ध हुन सक्छ । विदेशमा अध्ययन गर्ने विद्यार्थीलाई शुल्क पठाउन कठिन हुन सक्छ । वैदेशिक रोजगारमा रहेका नेपालीले पठाउने रकममा पनि जटिलता आउन सक्छ । कालो सूची मा परेपछि देशको मुद्रा कमजोर बन्छ, महँगी बढ्छ र बेरोजगारी चर्किन सक्छ । अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूले समेत सहयोग घटाउन सक्छन् । यही कारणले (FATF) कोकालो सूचीलाई वित्तीय नाकाबन्दी सँग तुलना गर्न सकिन्छ ।

पाकिस्तान लामो समय ग्रे लिस्ट मा रह्यो । पाकिस्तान सन् २०१८ मा (FATF) को ग्रे लिस्टमा परेको थियो भने फिलिपिन्स सन् २०२१ मा ग्रे लिस्टमा समावेश भएको थियो । पाकिस्तानले आतंकवादी वित्तीयकरण नियन्त्रण, मनी लाउन्डरिङ विरुद्ध कडा कानुनी व्यवस्था, शंकास्पद वित्तीय कारोबारमाथि अनुसन्धान, बैंकिङ निगरानी सुधार तथा (FATF) ले दिएको ३४ बुँदे कार्ययोजना कार्यान्वयन गरेपछि सन् २०२२ मा ग्रे लिस्टबाट बाहिरिन सफल भयो । त्यसैगरी फिलिपिन्सले क्यासिनो तथा रेमिट्यान्स क्षेत्रको निगरानी कडा बनाउने, AML\CTF कानुन प्रभावकारी कार्यान्वयन गर्ने, suspicious transaction monitoring प्रणाली सुदृढ गर्ने तथा (FATF) को १८ बुँदे कार्ययोजना पूरा गरेपछि सन् २०२५ मा ग्रे लिस्टबाट हट्न सफल भयो । यी दुवै देशले कानुनी सुधार, वित्तीय पारदर्शिता तथा निगरानी प्रणाली मजबुत बनाएर अन्तर्राष्ट्रिय विश्वास पुनः हासिल गरेका हुन् । त्यस अवधिमा पाकिस्तानले विदेशी लगानी घट्नु, मुद्रा संकट गहिरिनु र अन्तर्राष्ट्रिय वित्तीय दबाब बढ्नुजस्ता समस्या भोग्नुपर्‍यो ।

हाल उत्तर कोरिया, इरान र म्यानमार (FATF) को कालो सुचिमा छन । उत्तर कोरियालाई कालो सूचीमा राख्नुको मुख्य कारण भनेको त्यहाँको अवैध धन शुद्धीकरण र आतङ्कवादी वितपोषण नियन्त्रण प्रणालीमा गम्भीर कमजोरी हो । विशेष गरी, समूहिक विनाशकारी हतियारको निर्माण र त्यसको वित्तपोषणले विश्व वित्तीय प्रणालिलाइ प्रत्यक्ष खतरामा पारेको अन्तर्राष्ट्रिय वित्तीय कार्यदलको ठहर छ । सदस्य राष्ट्रहरूलाई उत्तर कोरियाली बैंकहरूसँगको पत्राचार सम्बन्ध तोड्न र वित्तीय कारोबार अत्यन्त सीमित राख्न निर्देशन दिइएको छ । उत्तर कोरियाले कुनै पनि अन्तर्राष्ट्रिय सुधार योजना लागू नगर्ने प्रवृत्ति कायम राखेकाले यो देश सबभन्दा लामो समयदेखि कालो सूचीमा छ । इरानको अवस्था पनि अझ गम्भीर छ । इरानको कार्ययोजना सन् २०१८ मा नै समाप्त भएको थियो, तर त्यसपछि कुनै उल्लेखनीय सुधार भएको छैन । फेब्रुअरि २०२० देखि इरानले समय-समयमा प्रतिवेदन पास गर्दै आएको छ, तर कार्ययोजनाको अवस्थामा कुनै भौतिक परिवर्तन देखिएको छैन । इरानले वर्षौंदेखि हमास र हिज्बुल्लाह जस्ता आतङ्कवादी संगठनहरूलाई आर्थिक सहयोग गर्दै आएको र सामूहिक विनाशकारी हतियार प्रसारमा गम्भीर जोखिम उत्पन्न गरिरहेको ठहर गरिएको छ । म्यानमारको कथा भने केही फरक छ । सन २०१६ देखि लामो समय ग्रे लिस्टमा रहेको म्यानमार अक्टोबर २०२२ मा कार्ययोजनामा पर्याप्त प्रगति गर्न नसकेपछि कालो सूचीमा राखिएको थियो । म्यान्मारमा सन् २०२१ को सैनिक 'कू' पछि राजनीतिक अस्थिरता चरम बिन्दुमा पुग्यो र वित्तीय सुधारका सबै प्रयास ठप्प भए । लागुपदार्थ तस्करी, मानव बेचबिखन र सशस्त्र गुटहरूको अवैध वित्तीय कारोबार व्यापक रूपमा फैलियो । अन्तर्राष्ट्रिय सहयोगको अभाव, राजनतिक इच्छाशक्तिको कमी र सुधारमा निरन्तर असफलताले जुनसुकै देशलाई कालो सूचीमा पुर्‍याउन सक्छ भन्ने कुरा म्यानमार बाट सिक्नु पर्छ । नेपालका लागि यो महत्वपूर्ण शिक्षा हो ।

नेपाललाई ग्रे लिस्ट बाट बाहिर ल्याउन र ब्यालेक लिस्ट को सम्भावित जोखिमबाट जोगाउन सरकारले केही कठोर तर आवश्यक कदम चाल्नुपर्ने देखिन्छ । पहिलो, Money Laundering विरुद्ध निष्पक्ष कारबाही गर्नुपर्छ । राजनीतिक पहुँच भएका व्यक्ति वा संस्थालाई संरक्षण दिने प्रवृत्ति अन्त्य नगरी (FATF) को विश्वास जित्न सकिँदैन । दोस्रो, हुन्डी तथा अनौपचारिक वित्तीय कारोबारमाथि कडा निगरानी आवश्यक छ । नेपालमा अझै ठूलो रकम औपचारिक बैंकिङ प्रणालीबाहिर चल्ने गरेको विभिन्न अध्ययनले देखाएका छन् । तेस्रो, सहकारी र बैंकिङ क्षेत्रको निगरानी बलियो बनाउनुपर्छ । पछिल्ला वर्षहरूमा नेपालमा सहकारी ठगीका घटनाले वित्तीय विश्वसनीयतामाथि गम्भीर प्रश्न उठाएका छन् । Suspicious Transaction Reporting तथा डिजिटल ट्र्याकिङ प्रणालीलाई आधुनिक बनाउनु अत्यावश्यक छ । चौथो, भ्रष्टाचार नियन्त्रणलाई प्राथमिकता दिनुपर्छ । पाँचौं, आधुनिक प्रविधिमा आधारित निगरानी प्रणाली विकास गर्नुपर्छ । विश्वका विकसित बैंकहरूले Artificial Intelligence तथा Data Analytics प्रयोग गरेर संदिग्ध कारोबार पहिचान गरिरहेका छन् । नेपालले पनि वित्तीय अनुसन्धान प्रणालीलाई प्रविधिमैत्री बनाउन आवश्यक छ ।

(FATF) को ग्रे लिस्ट बा ब्यालेक लिस्ट अन्तर्राष्ट्रिय आर्थिक विश्वसनीयता, सुशासन र वित्तीय अनुशासनको परीक्षा हो । नेपाल अहिले संवेदनशील मोडमा उभिएको छ । यदि सरकारले कानुनी सुधार, पारदर्शिता, भ्रष्टाचार नियन्त्रण र निष्पक्ष अनुसन्धानलाई प्राथमिकता दिँदै दियो भने नेपाल ग्रे लिस्ट बाट बाहिरिन सक्छ । तर यदि राजनीतिक संरक्षण, कमजोर कार्यान्वयन र अवैध वित्तीय कारोबार जारी रह्यो भने कालो सूचीको जोखिम बढ्न सक्छ । नेपालजस्तो विकासोन्मुख र रेमिट्यान्समा निर्भर देशका लागि FATF को कालो सूची आर्थिक भूकम्पसावित हुन सक्छ । त्यसैले यो विषय केवल बैंकिङ क्षेत्रको समस्या नभई राष्ट्रिय अर्थतन्त्र, जनजीवन र भविष्यसँग जोडिएको राष्ट्रिय चुनौती हो ।

# आँप खाने बित्तिकै किन लाग्छ केहीलाई पखाला ?



काठमाडौं । गर्मीको आगमनसँगै बजारमा छ्याप्छ्याप्ती आँप देखिन थाल्छ ।

कोही मानिसहरू आँपलाई फ्रिजमा राखेर चिसो आँप टोकेर वा चुसेर खान रुचाउँछन् भने कोही आँपको रस, शेक वा आँपको मिठाई खान उत्सुक हुन्छन् । स्वाद र पोषणले भरिपूर्ण यो फल धेरैजसोको मनपर्ने फल हो ।

तर कहीलाई आँप खाएपछि पेट दुख्न थाल्छ । कसैको पेटमा ग्यास बन्दछ त कसैलाई पेटमा भारी महसुस हुन्छ र कसैलाई पखाला पनि लाग्छ ।

स्वास्थ्य विज्ञहरू आँप आफैंमा हानिकारक नभएको विश्वास गर्छन् । तर खाने विधि, मात्रा र शरीरको पाचन क्षमताले यसको स्वास्थ्य लाभ निर्धारण गर्छ ।

स्वस्थ व्यक्तिहरूले आँप खाएपछि सामान्यतया पखाला अनुभव गर्दैनन् भनेर सीके बिर्ला अस्पतालकी क्लिनिकल पोषणविद् दीपाली शर्मा भन्छिन् । एक पटकमा धेरै आँप नखाँदासम्म वा अनुचित तरिकाले आँप नखाँदासम्म यस्तो नहुने उनी भन्छिन् ।

**एकै पटकमा खानु हुन्न धेरै आँप**

आँपमा राम्रो मात्रामा फाइबर हुन्छ । यसले पाचन सुधार गर्न मद्दत गर्छ । तर आवश्यकताभन्दा धेरै फाइबरको सेवन गर्दा पेट दुख्न सक्छ । धेरै मानिसहरूले एकैचोटि ३-४ वटा आँप खान्छन्, जसले पेटमा दबाब बढाउन सक्छ र पखाला नै निम्ताउन सक्छ ।

**प्राकृतिक चिनी**

आँपमा फ्रुक्टोज हुन्छ । यो भनेको फलफूलको चिनी हुन्छ । केही मानिसको शरीरले यसलाई सजिलै पचाउन सक्दैन । यसले ग्यास, पेट फुल्ने र पेट दुख्ने जस्ता पेटका समस्याहरू निम्त्याउन सक्छ । पहिले नै कमजोर पाचन भएका मानिसहरूले यी समस्याहरू अझ बढी अनुभव गर्न सक्छन् ।

**धेरै पाकेको आँपले पनि निम्त्याउँछ समस्या**

धेरै पाकेको आँपको स्वाद मीठो हुन्छ, तर केहीको लागि यो मिठासले एसिडिटी र पेटमा जलन निम्त्याउन सक्छ । विशेष गरी यदि खाली पेटमा वा धेरै मात्रामा आँप खाएमा यसले पेट खराब हुने जोखिम बढाउन सक्छ ।

**हानिकारक हुन सक्छ रासायनिक रूपमा पाकेको आँप**

केही ठाउँमा आँपलाई चाँडै पकाउन रसायनहरूको प्रयोग गरिन्छ । यसरी पकाइएका आँप प्रायः पेटको लागि प्रतिकूल हुन्छन् र आन्द्रामा जलन गराउन सक्छन् । त्यसैले, प्राकृतिक रूपमा पाकेको आँप किन्ने प्रयास गर्नुहोस् ।

**सरसफाइमा ध्यान**

गर्मीमा फलफुल छिट्टै बिग्रिन्छन् । तपाईंले राम्ररी नपखालिकन काटेको आँपलाई लामो समयसम्म खुल्लामा राख्नुभयो भने यसमा ब्याक्टेरिया उतपन्न हुन थाल्छन् । यस्तो आँप खाँदा पेट दुख्ने, बान्ता हुने र पखाला लाग्ने समस्या आउन सक्छ । सडक किनारामा खुल्लामा काटेर बेचिने फलफूल सकेसम्म नखानुस् ।

**आँप खाँदा ध्यानमा राख्नुस् यी कुराहरूः**

- एकैचोटि धेरै आँप नखानुस् ।
- खानु अघि आँप राम्ररी धुनुहोस् ।
- काटेको आँपलाई लामो समयसम्म बाहिर नछोड्नुहोस् ।
- तेल वा मसलादार खानासँग आँप नखानुहोस् ।
- यदि तपाईंको पेट संवेदनशील छ भने सन्तुलित मात्रामा आँप खानु पर्छ ।

**आँप खान बन्द गर्नुपर्छ र ?**

आँपमा शरीरको लागि लाभदायक मानिने धेरै आवश्यक पोषक तत्वहरू पाइन्छ । त्यसैले आँपलाई पूर्णरूपमा बेवास्ता गर्नु हुँदैन । तपाईंलाई चाहिएको भनेको सन्तुलित आहार र यसलाई खाने सही तरिका हो ।

उचित सावधानी अपनाउने हो भने स्वादका साथ आँप खान सकिन्छ र कुनै समस्याबिना यसको मीठो स्वादको आनन्द लिन सकिन्छ ।



**मकै खन्दै किसानः**
गुल्मी दरबार गाउँपालिका वडा नम्बर ६ फर्सोवामा मकै खन्दै गरेका किसान । तस्विर : सुरज नेपालीको फेसबुकबाट ।

# जलजलाको सम्भावना उल्झ्याउने र समस्या सुल्झाउने धवलागिरिको प्रयास



म्याग्दी । प्रशस्त पर्यटकीय सम्भावना भएर पनि ओझेलमा परेको जलजलाको सम्भावना उजागर गर्न र समस्या पहिचान गरी त्यसलाई सुल्झाउने प्रयास सुरु गरिएको छ ।

म्याग्दीको धवलागिरि गाउँपालिका-२ मा रहेको जलजलाको सम्भावना उजागर, समस्या समाधानका लागि साझा मुद्दा तय गरी जिल्ला, प्रदेश, सङ्घीय तहमा पहल गर्ने उद्देश्यले आइतबारदेखि सुरु भएको पर्यटन प्रर्वद्धन कार्यक्रम दुई दिनसम्म चल्नेछ ।

समुद्री सतहदेखि तीन हजार ४१८ मिटर उचाइमा रहेको र ढोरपाटन सिकार आरक्षमा समेटिएको जलजला म्याग्दीको धवलागिरि गाउँपालिकाको वडा नं. २ को भूगोलमा पर्छ । धवलागिरि गाउँपालिकाका उपाध्यक्ष रेशम पुनमगरले ढोरपाटन र जलजलाबाट म्याग्दीले लाभ लिने वातावरण सृजना गराउने उद्देश्यले म्याग्दीका जनप्रतिनिधि, निजी क्षेत्र, स्थानीय सरोकारवालाको उपस्थितिमा कार्यक्रम आयोजना गरिएको जानकारी दिए ।

"बेनीदेखि धवलागिरि गाउँपालिकाको केन्द्र मुना-खोरीया-मरेनी- जलजला-ढोरपाटन हुँदै पूर्वीरुकुमको तकसेरा जोड्ने सडकको मार्ग खुलेपछि सृजना भएको अवसरको सदुपयोग र देखिएका समस्या समाधानका लागि सरोकारवालाको ध्यानाकर्षण गराउन कार्यक्रम गरिएको हो", उनले भने-"सङ्घीय, प्रदेश सांसद, म्याग्दीका छवटै स्थानीय तह, जलजलासँग सरोकार राख्ने बागलुङको ढोरपाटन, पूर्वीरुकुमको पुथाउत्तरगङ्गा र भुमे गाउँपालिकाका जनप्रतिनिधि, अगुवा र विज्ञहरूको उपस्थितिमा बृहत् छलफल गरी साझा धारणा र योजना तय गरिनेछ ।"

कार्यक्रममा सहभागी हुन अतिथिहरू आइतबार दिउँसो जलजलामा पुगिसकेका छन् । सोमबार बिहान जलजला घोषणापत्र जारी गर्दै कार्यक्रम समापन गरिने तय भएको छ । गुर्जा, धवलागिरि, चुरेन, पुथा, अन्नपूर्ण हिमालको काँखमा समथर भूगोलमा रहेको जलजला ढोरपाटन सिकार आरक्षको 'भ्यूप्वाइन्ट' हो ।

नेपालको एकमात्र ढोरपाटन सिकार आरक्षको दुईवटा मनसुन र बार्से ब्लकसहित १३ प्रतिशत भूगोल म्याग्दीमा परे पनि सलामी दस्तुर नपाएको र गुर्जाघाटलगायत ठाउँमा रहेको सीमा विवादको समस्या समाधानका लागि सङ्घीय सरकारको ध्यानाकर्षण गराइने धवलागिरि गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले बताए ।

"गत फागुनमा मार्ग खुलेको बेनीदेखि १२२ किलोमिटर दूरीमा रहेको तकसेरा जोड्ने सडकलाई स्तरोन्नति गरी मध्यपहाडी लोकमार्गको बागलुङ खण्डको विकल्पका रूपमा विकास गराउन प्रदेश र सङ्घीय सरकारलाई दबाब दिन म्याग्दीको साझा मुद्दा तय हुनेछ", उनले भने-"जलजला घुम्न आउने पाहुनाहरूको सुविधा र सहजताका लागि पूर्वाधार तयार पार्न र सिकार आरक्ष वरपरका बस्तीका नागरिकले प्राकृतिक स्रोतसाधनको उपभोगमा भोगेको समस्या समाधानका लागि दबाब दिनलाई पनि सम्बन्धितस्थलमै कार्यक्रम गरिएको हो ।"

समथर पाटनको शान्त वातावरणमा, छिनछिनमा परिवर्तन हुने मौसम, शीतल हावापानी, पशु गोठहरूमा रमाउन पाउनु जलजला उपत्यकाको विशेषता हो । समथर फाँटमा बसेर आँखै अगाडि देखिने हिमालको लर्कनले चित्रकारले कोरेको क्यानभासको आभास गराउँछ जलजलाबाट सिस्ने, पुथा, गुर्जा, मानापाथी, धवलागिरि, निलगिरि, अन्नपूर्ण, माछापुच्छ्रे र मनास्लु हिमाल र सूर्योदयको दृश्यावलोकन गर्न सकिन्छ । बर्खायाममा पशुगोठ, वन्यजन्तु, समथर फाँट, पहाडी भूगोल, वनजङ्गल, वसन्त ऋतुमा गुराँसे जङ्गलको अवलोकन गर्न पाउनु यहाँको अर्को विषेशता हो ।

गुरिल्ला र म्याग्दी हुँदै डोल्पा जाने पदमार्गमा पर्ने जलजलामा बस्ती, होटल र रेष्टुरेन्ट छैन । म्याग्दीको लुलाङका फुलबहादुर विकले गोठमा पाहुनालाई खाना खुवाउने र बसोबासको व्यवस्था मिलाउँदै आएका छन् । च्याउ, टुसाका परिकार, ढकायोको सागको अचार, गाईभैंसीको दूध, दही, भेडा र खसीको मासु गोठस्टेका परिकार हुन् । क्याम्पिङ गर्ने पर्यटकले आफैं बन्दोबस्तीको सामान लगेर जानुपर्छ ।

ढोरपाटनको पाखाथरबाट जलजलासम्म पुग्न कच्ची सडकमा जिप र मोटरसाइकलमा करिब एक घण्टा तीन मिनेट यात्रा गर्नुपर्छ । धवलागिरि गाउँपालिकाको केन्द्र मुनादेखि जिप र मोटरसाइकलमा दुई घण्टाको यात्रापछि जलजला पुगिन्छ । जलजला क्षेत्रको जङ्गलमा दुर्लभ वन्यजन्तु हाब्रे (रेडपाण्डा)को बासस्थान भएकाले थप महत्त्व रहेको छ ।

दुईतर्फबाट पैदलयात्रा गरेर जलजला पुग्न पाँचदेखि छ घण्टा लाग्छ । जलजला धवलागिरि गाउँपालिकाको मुना, दर, फलियागाउँ, लुलाङ, लमसुङ, खोरिया र मरेनीका बासिन्दाको चरन क्षेत्र हो । यस वर्ष धवलागिरि गाउँपालिकाले जलजलामा सार्वजनिक शौचालयलगायत पर्यटकीय पूर्वाधार निर्माण गरेको छ । आवास र खानेपानी अभाव जलजलाको मुख्य समस्या बनेको छ ।

# चिकित्सक सङ्घको सम्मेलन जेठ १६ र १७ मा

चितवन । नेपाल चिकित्सक सङ्घले यही जेठ १६ र १७ गते चिकित्सक सम्मेलन आयोजना गर्ने भएको छ । 'आधुनिक, सुलभ, किफायती र समान स्वास्थ्य सेवाका लागि नवप्रवर्तनमार्फत् प्राथमिक स्वास्थ्य सेवा सुदृढीकरण' नाराका साथ सङ्घले आफ्नो ३०औँ सम्मेलन बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालको सभाहलमा गर्न लागेको हो ।

सङ्घका अध्यक्ष डा. अनिलविक्रम कार्कीकाअनुसार सम्मेलनमा भारत र चीनका विशेषज्ञ चिकित्सकहरुसहित विश्व स्वास्थ्य सङ्गठनका प्रतिनिधिहरु कार्यक्रममा सहभागी हुने कार्यक्रम छ ।

विश्व मेडिकल एसोसिएसनका विज्ञहरुको भिडियो प्रस्तुतीकरण रहनेछ । देशभरबाट प्रतिनिधिमूलक रुपमा चिकित्सकहरु सहभागी हुनेछन् । अध्यक्ष डा. कार्कीका अनुसार सम्मेलनमा चार वटा समूहगत छलफल गरिने छ । कार्यक्रममा ६० कार्यपत्र र अन्य वैज्ञानिक प्रस्तुतीकरणसहित गरी १०० भन्दा बढी प्रस्तुतीकरण हुनेछन् । सोही अवसरमा सङ्घका नवनिर्वाचित पदाधिकारीलाई जिम्मेवारी हस्तान्तरण समेत गरिने छ ।

सम्मेलनमा प्राथमिक स्वास्थ्य सेवा सुधार, डिजिटल हेल्थ, ग्रामीण स्वास्थ्य पहुँच, स्वास्थ्य बिमा र मानव संसाधन व्यवस्थापन जस्ता विषयमा विशेष सत्रहरू सञ्चालन गरिने उनले बताए ।

हरेक दुई / दुई वर्षमा हुँदै आएको यो कार्यक्रम १२ वर्षयता तीन/ तीन वर्षमा गर्न थालिएको छ । उनकाअनुसार नेपालको स्वास्थ्य क्षेत्रमा देखिएका पहुँच, गुणस्तर र लागतसम्बन्धी चुनौतीलाई समाधान गर्न नवप्रवर्तनलाई केन्द्रमा राखेर छलफल गरिनेछ ।

यसपटकको सम्मेलनमा संविधानले प्रत्याभूत गरेको आधारभूत स्वास्थ्य अधिकारलाई कसरी सुदृढ बनाउने र स्वास्थ्य क्षेत्रमा विश्वका नयाँ प्रविधि र आविष्कारहरूलाई कसरी जोड्ने भन्ने विषयमा केन्द्रित रहेर वैज्ञानिक सत्रहरू सञ्चालन हुने अध्यक्ष डा. कार्कीले जानकारी दिए ।

**संसद...**

यस विषयमा सभामुखलाई हामीले धेरै दबाब पनि गर्‍यौँ । घेराबन्दी पनि भयो । उहाँको विषयमा धेरै विरोध पनि भयो । तपाईं साँच्चीकै एउटा राष्ट्रको सभामुख भएर रुलिङ गर्नुपर्छ । तपाईं एउटा थपना जस्तो भएर नबसिदिँदा हुन्थ्यो भनेर हामीले त्यो कुरा उठाएको नै हो । हामी प्रतिपक्षमा बसेर विरोधका लागि विरोध गर्नें पक्षमा छैनौं ।'

एमालेकी सांसद साजिदा सिद्धिकी खातुनले सभामुख अर्यालले सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टीको वकालत गरेको भन्दै आक्रोश व्यक्त गरिन् । उनले सभामुखको भूमिका निष्पक्ष नभएको गुनासो पनि गरिन् ।

उनले भनिन्-'अब मेरो सभामुख, सदनको सभामुखको कार्य हेर्दा मलाई के फिल भयो भने मेरो सभामुख चाहीँ रास्वपा भन्दा बाहिर निस्कन नै सक्नु भएन के ।

उहाँले रास्वपा भन्दा बाहिर निस्केर उहाँले सदनको सभामुख, देश र जनताको सभामुख बनिदिएको भए सुनमा सुगन्ध थपिन्थ्यो कि । सभामुख, उप-सभामुख, मन्त्रीहरु, देशको प्रधानमन्त्री त फेयर हुनुपर्छ नि त । त्यो कुरा हुनु पर्दथ्यो तर मलाई त्यस्तो फिल भएको छैन ।'

सभामुख अर्याल संसदप्रति जवाफदेही नभएको नेकपाकी सांसद पार्वती विश्वकर्माले आरोप लगाइन् ।

उनले संसदमा महिलाहरूको संख्या अझै बढाउने विषयमा लागि रहने प्रतिबद्धता समेत व्यक्त गरिन् । जनसंख्याको आधारमा सदनलगायत राज्यका सबै निकायमा महिलाहरुको प्रतिनिधित्व हुनुपर्ने सांसद विश्वकर्माको भनाइ थियो ।

उनले भनिन्-'सभामुखको भूमिकाबारे हेर्ने पनि मूल्यांकन गरिराख्नु भएको छ । त्यो सदनभन्दा बाहिर कयौ गुणा दिग्गज मानिसहरु पनि बाहिर हुनुहुन्छ । हाम्रो सबै गतिविधिलाई एनलाईसिस गर्ने त्यो राम्रो मानिसहरु पनि बाहिर हुनुहुन्छ ।

उहाँहरुले पनि हेरिराख्नु भएको छ । उहाँका अगाडिका बाध्यता के हुन ? मलाई थाहा छैन ।'

सांसद विश्वकर्माले सरकारले देश र जनताको हित विपरित कुनैपनि खालको गतिविधि गरे सह्य नहुने चेतावनी समेत दिइन् ।

# निकुञ्जका वन्यजन्तुलाई नहरको पानी




चितवन । निकुञ्ज र बरण्डाभार क्षेत्रमा रहेका वन्यजन्तुलाई आवश्यक पानीका लागि नहरबाट पानीको व्यवस्था गर्न थालिएको छ । गर्मी बढेसँगै चितवन राष्ट्रिय निकुञ्जमा पानीको अभाव भएपछि खगेरी नहरबाट पानी छोडिएको छ ।

टिकौलीबाट देवनगरसम्मको नौ किलोमिटर नहरमा पानी छोडिएको हो । योसँगै निकुञ्ज तथा बरण्डाभार क्षेत्रमा रहेका पोखरीहरूमा पुनर्भल (रिचार्ज)का लागिसमेत पानी छोडिएको छ ।

नारायणी लिफ्ट तथा खगेरी सिँचाइ आयोजनाका प्रमुख कुलप्रसाद चालिसेका अनुसार सो क्षेत्रमा रहेका झण्डै १२ वटाभन्दा बढी पोखरी पुनर्भलका लागि पानी छोडिएको छ । अब निरन्तर सो क्षेत्रमा पानी छोडिने उनले बताए । गर्मी याम बढेसँगै निकुञ्ज र बरण्डाभार क्षेत्रमा रहेका ताल तलैयाहरू सुक्ने हुँदा वन्यजन्तुका लागि पानीको अभाव हुने गरेको छ । जसका कारण वन्यजन्तु बस्ती छिर्ने गर्दछन् ।

हरेक वर्ष गर्मी समयमा वन्यजन्तुका लागि पानी छोड्ने गरिन्छ । नहर मर्मत गरी पानी छोडिएको हो । यस क्षेत्र गैंडा, चित्तल, बाघ भालुलगायतका वन्यजन्तुहरू र चराचुरुङ्गीको बासस्थान रहेको छ ।

# तीव्रगतिका कारण हुन्छन् ५० प्रतिशत बढी दुर्घटना




काठमाडौँ । बैशाख महिनामा देशका विभिन्न स्थानमा भएका सवारी दुर्घटनामध्ये आधाभन्दा बढी तीव्र गतिका कारण भएको पाइएको छ ।

नेपाल प्रहरीको तथ्याङ्कअनुसार गत बैशाख महिनामा देशभर दुई हजार २९४ दुर्घटना भएकामा एक हजार २५३ दुर्घटना तीव्रगतिका कारण भएको थियो ।

सो अवधिमा १३७ दुर्घटना चालकको असक्षमता, १३३ दुर्घटना हतारमा बाटो काट्नु, ११२ दुर्घटना मादक पदार्थ सेवा तथा ४६ वटा दुर्घटना अनावश्यक ओभरटेकका कारण भएका थिए । दुर्घटनामा १५८ पुरुष, ५४ महिला र २७ बालबालिका गरी २३९ जनाको मृत्यु भएको प्रहरी तथ्याङ्क छ । ती दुर्घटनामा परी ७५२ जना गम्भीर तथा तीन हजार २२० जना सामान्य घाइते भएका छन् ।

बैशाख महिनामा ट्राफिक नियम उल्लङ्घन गर्नेविरुद्ध एक लाख ३७ हजार ९४ वटा कारबाही भएको छ भने सोबापत रु ११ करोड ८२ लाख ७४ हजार १८९ राजस्व असुली भएको छ । सो अवधिमा भएका ती दुर्घटनामा तीन हजार ३३४ वटा सवारी साधन संलग्न भएका थिए । सबैभन्दा बढी दुई पाङ्ग्रे सवारी साधन दुर्घटनामा परेका थिए ।

साँझ ६ देखि राति १२ बजेसम्म सबैभन्दा बढी दुर्घटना हुने गरेको पाइएको छ । सो समयमा ८५९ दुर्घटना भएका थिए । यस्तै मध्याह्न १२ देखि साँझ ६ बजेसम्म ८५०, बिहान ६ देखि मध्याह्न १२ बजेसम्म ५०६ तथा मध्यराति १२ बजेदेखि बिहान ६ बजेसम्म ७८ वटा दुर्घटना भएको प्रहरी तथ्याङ्कले जनाएको छ ।

**पछिल्लो २४ घन्टामा तीन जनाको मृत्यु**

पछिल्लो २४ घन्टामा देशका विभिन्न स्थानमा भएका सवारी दुर्घटनामा तीन जनाको मृत्यु भएको छ भने ९४ जना घाइते भएका छन् । बागमती प्रदेशमा दुई र काठमाडौँ उपत्यकामा एक जनाको दुर्घटनामा मृत्यु भएको प्रहरीले जनाएको छ ।

# तोलामा दुई हजार आठ सयले घट्यो सुनको मूल्य



काठमाडौँ । स्थानीय बजारमा आइतबार पहेँलो धातुको मूल्य तोलामा रु दुई हजार ८०० ले घटेको छ ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार, शुक्रबार प्रतितोला रु दुई लाख ९३ हजार ७०० मा कारोबार भएको छापावाला सुन आइतबारका लागि भने रु दुई लाख ९० हजार ९०० मा कारोबार हुने गरी निर्धारण भएको छ ।

यसैगरी, चाँदीको मूल्य तोलामा रु १०५ ले घटेको छ । शुक्रबार प्रतितोला रु पाँच हजार ११५ मा कारोबार भएको चाँदीको मूल्य आजका लागि भने पाँच हजार १० निर्धारण भएको छ ।

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

२०८३ जेठ ११ गते, सोमबार
Monday May 25, 2026
न.प.जि.प्र.का.द.न.४/०४५/०४६
दैनिक लुम्बिनी



**गोलभेडा बिक्रीका लागि बजार पठाइँदै:**
दाङको घोराही उप-महानगरपालिका-१६ तेरौटेस्थित नविनतम कृषि फर्ममा उत्पादन गरिएको गोलभेडा बिक्रीका लागि बजार पठाइँदै। घोराही-१८ मसिनाका किसान महेश पौडेलले तेरौटेमा विगत सात वर्षदेखि करिब ११ बिघा भाडाको जग्गामा व्यावसायिक तरकारी खेती गर्दै आएका छन्। तस्विर : रासस

# गाउँपालिका अध्यक्षद्वारा आरोप पुष्टी गर्न चुनौती



परासी । प्रतापपुर गाउँपालिका अध्यक्ष उमेशचन्द्र यादव माथि कागजात किर्ते गरेको र कृषि ऋण अनुदान दुरुपयोग गरेको गम्भीर आरोप लागेपछि पुष्टि गर्न चुनौती दिएका छन्। यादवले पत्रकार सम्मेलनमार्फत् आफूमाथि लगाइएको सार्वजनिक जग्गा अतिक्रमण, सरकारी अनुदान रकम दुरुपयोग तथा किर्ते कागजात बनाएको आरोप पुष्टी गरेर देखाउन चुनौती दिएका हुन्।

अध्यक्ष यादवमाथि प्रतापपुर-७ झोलनीपुरस्थित गण्डक नहर क्षेत्रको जग्गा अतिक्रमण गरेर पोखरी निर्माण गरेको, सरकारी रकमबाट बाटो तथा विद्युत् विस्तार गरेको र किर्ते कागज प्रयोग गरेर पोखरी निर्माण गरेको गम्भीर आरोप गण्डक भूआर्जन तथा जनसम्पर्क कार्यालय भैंसालोटनका सम्पर्क अधिकृत सोभित हलुवाईले सञ्चारमाध्यममार्फत् सम्पर्क अधिकृत हलुवाईले पटक पटक गाउँपालिकाको विकास निर्माणदेखि व्यक्तिगत काममा समेत अवरोध र उजुरी दिँदै आएको बताउँदै अहिले पनि निराधार र व्यक्तिगत चरित्र हत्या गर्ने उद्देश्यले आरोप लगाएको अध्यक्ष यादवको भनाइ थियो। भूआर्जन अधिकृत हलुवाईले विभिन्न बहाना बनाएर त्रिवेणी ब्यारेजदेखि झोलनीपुरसम्म गण्डक नहरको १९ किलोमिटर क्षेत्रमा हाल अस्थायी पसल गरेर रोजगारी गरिरहेका गरिब समुदायलाई हटाउन प्रपञ्च रचेको यादवले आरोप लगाए। उनले गरिब जनताको रोजिरोटी खोसेर विस्थापित गराउने कसैले नपाउने भन्दै उनीहरुको संरक्षणमा आफू सधै लडिरहने बताए।

उनले आफ्नो पोखरी निर्माण भएको जग्गा नाप जाँच गर्न, सरकारी रकम दुरुपयोगको छानबिन गरी सत्य तथ्य बाहिर ल्याइदिन पनि सम्बन्धित निकायसँग माग समेत गरेका छन्।

आफ्नो नाउँमा ६ कित्तामा रहेको कुल ५ बिघा १३ कट्ठा जग्गाको लालपुर्जा देखाउँदै सोही जग्गामा पोखरी निर्माण गरेको जानकारी दिए। कृषि विद्युतिकरण र पोखरीमा जाने पुल(कल्भर्ट)आफू निर्वाचित हुनअघिकै जनप्रतिनिधिहरुले गाउँका सबै किसानहरुका निम्ती लगाइएको, ट्रान्सफर्मर प्रदेश सरकारको अनुदानबाट लगाइएको र नहरबाट गाउँसम्म जानका लागि आफ्नै व्यक्तिगत ४ कट्ठा जग्गाबाट बाटो खोलिदिएको उनले बताए।

आफ्नो व्यक्तिगत जग्गामै पोखरी रहेको र किर्ते कागज बनाएर पोखरी बनाएको विषय व्यक्तिगत चरित्र हत्या गर्ने उद्देश्यले आरोप लगाइएको उनले बताए। आफूले कृषि प्रयोजनका लागि कृषि विकास बैंकबाट एक करोड ऋण लिएको र त्यो ऋणसमेत दुरुपयोग गरी लिएको भन्नु झनै हास्यास्पद रहेको बताए। राजनीतिक प्रतिशोध र भ्रमको खेती रहेको भन्दै अध्यक्ष यादवले आफूमाथि लगाइएका सम्पूर्ण आरोपहरू निराधार, कपोलकल्पित र राजनीतिक प्रतिशोधबाट प्रेरित रहेको दाबी गरेका छन्।

आफ्नो लोकप्रियता र गाउँपालिकामा भइरहेको विकास निर्माणको कामलाई सहन नसकेर विपक्षीहरूले भ्रम फैलाउन खोजेको उनको तर्क छ।

'यदि मैले कुनै पनि किसिमको सरकारी रकम दुरुपयोग वा कागजात किर्ते गरेको प्रमाणित भए म सजाय भोग्न तयार छु। तर विना प्रमाण मेरो र मेरो ओहोदाको बद्नाम गर्नेहरू विरुद्ध म कानुनी उपचारमा जानेछु।'-उनले भने। उनले अख्तियार दुरुपयोग अनुसन्धान आयोग वा अन्य कुनै पनि नियामक निकायले गर्ने निष्पक्ष छानबिनलाई पूर्ण रूपमा सहयोग गर्ने प्रतिबद्धता समेत व्यक्त गरेका छन्।

कृषि सहकारी वा बैंकबाट लिइएको ऋण र अनुदानको विषयलाई लिएर मिडियामा आएका समाचारहरूमा सत्यता नरहेको उनले बताए। उनले नियमसंगत रूपमा भएका प्रक्रियाहरूलाई तोडमरोड गरेर आफ्नो चरित्र हत्या गर्ने प्रयास गरिएको उल्लेख गर्दै सम्बन्धित निकायहरूबाट सत्यतथ्य छानबिन गराउन आफू तयार रहेको पनि चुनौती दिएका छन्।

काभा महिला भलिबल च्याम्पियनसिप :

# नेपाल सेमिफाइनलमा प्रवेश



बुटवल । नेपाल काभा महिला भलिबल च्याम्पियनसिपको सेमिफाइनलमा प्रवेश गरेको छ।

समूह 'ए' को अन्तिम खेल खेलेको नेपालले आइतबार माल्दिभ्सलाई सोझो सेटमा पराजित गर्दै सेमिफाइनलमा स्थान बनाएको हो।

त्रिपुरेश्वरस्थित दशरथ रंगशाला कभर्डहलमा भएको खेलमा माल्दिभ्सविरुद्ध नेपाल २५-१२, २५-९, र २५-२० ले विजयी बन्यो।

लगातार दोस्रो जित निकालेको नेपालले तीन खेलमा ७ अंक जोड्दै शीर्ष स्थानमा उक्लिएको छ।

भारत २ खेलबाट ५ अंकसहित दोस्रो स्थानमा रहँदा किर्गिस्तान ३ अंकसहित तेस्रो स्थानमा छ।

सोमबार हुने भारत र किर्गिस्तानबिचको खेलपछि यस समूहबाट सेमिफाइनल पुग्ने दोस्रो टोलीको टुङ्गो लाग्नेछ।

यस्तै समूह 'बी'बाट कजाखस्तान र इरानले सेमिफाइनलमा स्थान बनाइसकेका छन्।

## निश्चल कृषि सहकारी संस्थाद्वारा लेखा व्यवस्थापन तालिम सम्पन्न



कञ्चन। रुपन्देहीको कञ्चन गाउँपालिकामा सञ्चालित श्री निश्चल कृषि सहकारी संस्था लिमिटेडले संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र शिक्षा उपसमितिका लागि १ दिने आधारभूत लेखा व्यवस्थापन तालिम सम्पन्न गरेको छ।

तालिममा प्रशिक्षक लक्ष्मण पौडेलले लेखा व्यवस्थापनका आधारभूत ज्ञान र लेखा व्यवस्थापनको क्रममा आवश्यक पर्ने लेखा प्रणाली, वित्तीय व्यवस्थापन र सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र अन्य विषयगत समितिहरुको भूमिका, जिम्मेवारी र कर्तव्यका बारेमा समेत प्रशिक्षण दिएका थिए।

यस्तै कार्यक्रमको औचित्य र आवश्यकताबारे बताउँदै श्री निश्चल कृषि सहकारी संस्थाका अध्यक्ष जगीलाल थापाले हरेक सहकारीका हरेक शेयर सदस्यहरुले सहकारीमा हुने आर्थिक पारदर्शिता र सहकारी व्यवस्थापनमा हुने जोखिमबारे अनिवार्य रुपमा जान्नु र बुझ्नु पर्ने विषय रहेको बताए।

लेखा व्यवस्थापन तालिम कुनै पनि संस्था, समूह, सहकारी, उपभोक्ता समिति वा कार्यालयको पारदर्शिता, उत्तरदायित्व र सुशासनको आधार भएको र सही ढंगले चारखाता राख्ने तथा गोश्वारा भौचर तयार गर्ने सीपले आर्थिक गतिविधिलाई व्यवस्थित, विश्वसनीय र प्रभावकारी बनाउन पनि संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समितिलगायत उपसमितिका पदाधिकारहरुलाई एक दिनको भए पनि तालिमको आयोजना गरिएको उनले जनाए।

तालिममा सहभागीहरुलाई स्वागत गर्दै संस्थाका सचिव दुर्गा रानाले सञ्चालक समिति, लेखा सुपरिवेक्षण समितिलगायत उप-समितिका पदाधिकारहरुको क्षमता विकासअन्तर्गत लेखा व्यवस्थापन तालिमअन्तर्गत चारखाता तथा गोश्वारा भौचर भर्ने तालिमले सहभागीहरुमा व्यवहारिक ज्ञान, सीप र अनुभव प्रदान गर्ने विश्वास व्यक्त गरे।

श्री निश्चल कृषि सहकारी संस्था लिमिटेड शिक्षा उप-समितिको आयोजनामा भएको तालिम संस्थाका अध्यक्ष जगीलाल थापाको अध्यक्षता तथा शिक्षा उपसमितिका सदस्य पवित्रा थापाको सञ्चालनमा सम्पन्न भएको हो। तालिम रुद्रपुर माध्यमिक विद्यालयमा भएको थियो।

# बिसे नगर्चीको पूर्णकद शालिक अनावरण तथा विश्राम गृह उद्घाटन हुँदै



बुटवल। नेपाल एकताको प्रतीकका रूपमा परिचित ऐतिहासिक व्यक्तित्व बिसे नगर्चीको पूर्णकद शालिक अनावरण तथा विश्राम गृह उद्घाटन कार्यक्रम सोमबार बुटवलस्थित मणिमुकुन्द सेन फुलबारीमा आयोजना हुने भएको छ।

"बिसे नगर्ची एकताको प्रतीक नेपाल, बुटवल-रुपन्देही" को आयोजनामा हुन लागेको उक्त कार्यक्रममा बिसे नगर्चीको योगदानलाई राष्ट्रिय रूपमा स्थापित गर्ने उद्देश्य राखिएकोसंस्थाका अध्यक्ष रामबहादुर रणपालले बताए। उनकाअनुसार नेपालको ऐतिहासिक दस्ताबेजमा बिसे नगर्चीको उल्लेख पर्याप्त रूपमा नभएकाले उनको पहिचानलाई देशव्यापी बनाउन सातै प्रदेशमा शालिक निर्माण अभियान सञ्चालन गरिएको छ। आगामी पुस्ताले पनि बिसे नगर्चीबारे जानकारी पाउनुपर्ने उद्देश्यले यो अभियान अघि बढाइएको जनाइएको छ।

इतिहासअनुसार पृथ्वीनारायण शाहले नेपाल एकीकरण अभियानका क्रममा नुवाकोट युद्धमा पराजय भोगेपछि बिसे नगर्चीको घर पुगेका थिए। त्यस क्रममा बिसे नगर्चीले जनताबाट एक-एक रुपैयाँ संकलन गरी हतियार खरिद गर्न सुझाव दिएको उल्लेख पाइन्छ। नेपाल एकीकरण अभियानमा उनको योगदान महत्वपूर्ण रहेको चर्चा हुने गरेको छ।

वि.सं. १७४६ सालमा जन्मिएका बिसे नगर्ची दलित समुदायका प्रतिनिधि पात्र मानिन्छन्। गोर्खा दरबारका गतिविधिमा उनी सल्लाहकार भूमिकामा सक्रिय रहेको बताइन्छ। उनको सम्मानस्वरूप हुलाक टिकटसमेत प्रकाशन भइसकेको वरिष्ठ उपाध्यक्ष लोकबहादुर नेपालीले बताए।

साथै, बिसे नगर्चीलाई विद्यालयको पाठ्यपुस्तकमा समावेश गराउन शिक्षा मन्त्रालयमा डेलिगेसन जाने तथा राष्ट्रिय विभूतिको रूपमा घोषणा गर्न माग गर्ने योजना रहेको उनले सुनाए।

कार्यक्रममा बुटवल उप-महानगरपालिकाका मेयर खेलराज पाण्डेय, जग्गादाता मणिमुकुन्दका अध्यक्ष माधव नेपाल तथा संस्थाका अध्यक्ष रामबहादुर रणपालले संयुक्त रूपमा शालिक र विश्राम गृह उद्घाटन गर्ने कार्यक्रम तय गरिएको छ। करिब २ कट्ठा ३ धुर जग्गामा निर्माणाधीन विश्राम गृह तथा शालिक निर्माणमा करिब ३८ लाख रुपैयाँ लगानी गरिएको संस्थाले जनाएको छ। ६ फिट अग्लो शालिक निर्माणमा मात्रै करिब १० लाख रुपैयाँ खर्च भएको र मूर्तिकार महेन्द्र पुनले शालिक निर्माण गरेका हुन्। उक्त परियोजनाका लागि जग्गा प्राप्तिपछि पूर्वराजदूत पदम सुन्दासको हातबाट वि.सं. २०७९ असार १५ गते शिलान्यास गरिएको थियो। साथै, "बिसे नगर्ची एकताको प्रतीक नेपाल" संस्था वि.सं. २०७९ मंसिर २५ गते स्थापना भएको हो।

संस्थाका सचिव नारायण परियारको सञ्चालनमा कार्यक्रमसम्बन्धी जानकारी सार्वजनिक गरिएको थियो।

# मैकोट खोलामा बनेको बेलिब्रिज सञ्चालनमा



रुकुमपूर्व । रुकुमपूर्वको पुथा उत्तरगंगा गाउँपालिका-१ मैकोट खोलामाथि निर्माण गरिएको बेलीब्रिज आइतबारदेखि सञ्चालनमा आएको छ। बेलिब्रिजको उद्घाटन गाउँपालिका अध्यक्ष पुनिराज घर्तीमगरले एक कार्यक्रमका बीच गरेका छन्।

गाउँपालिकाले आफ्नै स्रोतमार्फत् करिब १ करोड ५० लाख बजेट उक्त बेलिब्रिज निर्माण गरेको हो।

बेलिब्रिज सञ्चालनमा आएसँगै बर्खायाममा आवतजावत गर्न सर्वसाधारणलाई सहज भएको अध्यक्ष घर्तीमगरले बताए।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदुर संघको भवनमा
फोन:–०७१–५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

हामी बोलेर मात्र
होइन पुर्‍याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरु
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

प्रो. मञ्जु एण्ड सन्स
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-8, रूपन्देही



स्वदेशी तथा विदेशी डिजाइनका शुद्ध
सुन चाँदीबाट बनेका गर-गहनाको
एकमात्र विश्वासिलो पसल
विगत १५ वर्षदेखि
तपाईको सेवामा समर्पित
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै
खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com